# तपाईंको कोभिड-१९ परीक्षणको परिणाम कसरी प्राप्त गर्ने

NSW GOVERNMENT | Health Pathology

तपाईंले आफ्नो कोभिड-१९ परीक्षणको परिणाम प्राप्त गर्न सक्ने तीनवटा तरिकाहरू छन्:

१. एक व्यक्तिगत QR कोड मार्फत
२. Results Portal मार्फत
३. तपाईंको मोबाइल फोनमा पठाइएको एस एम एस सन्देश मार्फत

**तपाईंको परीक्षण पछि, तपाईंले आफ्नो परिणाम प्राप्त नगरेसम्म तपाईं स्व:अलगबास (self-isolate) मा बस्नु पर्ने हुन्छ ।**

- एन एस डब्लु स्वास्थ्यले अन्य सुझाब नदिएसम्म सिधै घर जानुहोस् र स्व: अलगबास (self-isolate) मा बस्नुहोस्।
- तपाईं बिरामी महसुस गर्नु हुन्न भने पनि आफ्नो परिणाम नआएसम्म घरमै बस्नुहोस्।
- धेरैजसो मानिसहरूले २४ घण्टा भित्र आफ्नो परिणाम प्राप्त गर्छन्।

**विकल्प १: व्यक्तिगत QR कोड**

यदि तपाईंलाई परीक्षण गर्दा एक पर्चा दिइएको थियो जसमा व्यक्तिगत QR कोड थियो (तपाईंको नाम र जन्म मिति भएको) भने, कृपया त्यो QR कोड आफ्नो मोबाइल फोनको क्यामेराले स्क्यान गर्नुहोस् र send थिच्नुहोस्।

यो QR कोडले तपाईंको व्यक्तिगत विवरणहरू समावेश गर्दछ। यो अरू कसैले प्रयोग गर्न सक्दैन।

**विकल्प २: अनलाइन Results Portal**

- https://my.pathology.health.nsw.gov.au वेबसाइटमा जानुहोस्
- तपाईंलाई आफ्नो मोबाइल फोन नम्बर राख्न भन्नेछ, त्यसपछि निलो बटनमा क्लिक गर्नुहोस्। नोट गर्नुहोस् कि देशको कोड +६१ देखाउंछ जुन अष्ट्रेलियाको लागि हो। यदि तपाईं अन्तर्राष्ट्रिय फोन प्रयोग गर्दै हुनुहुन्छ भने, तपाईंले देशको कोड +६१ बाट तपाईंको फोन प्रयोग गरिरहेको देश कोडमा परिवर्तन गर्न आवश्यक हुन्छ।
- तपाईंलाई आफ्नो मोबाइल फोनमा कोड पठाइनेछ। वेबसाइटमा 'पासकोड' भनेको ठाउँमा यो कोड राख्नुहोस् त्यसपछि निलो बटनमा क्लिक गर्नुहोस्।

*नोट: यदि तपाईंले अनलाइन परिणाम पोर्टलमा यो पहिलो पटक भ्रमण गर्नुभएको हो भने, तपाईंले केही थप जानकारी राख्न पर्ने हुन्छ।*

- 'View Results' *मा क्लिक गर्नुहोस् र तपाईंले तल दिइएका कुराहरु राख्न आवश्यक हुनेछ:*
    - *तपाईंको नाम*
    - *तपाईंको थर*
    - *तपाईंको जन्म मिति*

- *तपाईंको घरको पोष्टकोड*
- *तपाईंको लिङ्ग - उदाहरणका लागि, पुरुष वा महिला वा अन्य*
- *सङ्कलन मिति - यो तपाईंले आफ्नो परीक्षण गरेको मिति हो*
- *तपाईंको मेडिकेयर नम्बर यदि तपाईंसँग छ भने। यदि तपाईंसँग छैन भने यो खाली छोड्नुहोस्।*

- माथिल्लो भागमा रहेको निलो बटनमा क्लिक गर्नुहोस्, 'संकलन केन्द्र चयन गर्नुहोस्' र तपाईंले आफ्नो कोभिड-१९ परीक्षण गरेको ठाउँ खोज्नुहोस्। एन एस डब्लु स्वास्थ्यद्वारा सञ्चालित केन्द्रहरूका साथै त्यहाँ स्वतन्त्र केन्द्रहरू पनि छन्। यदि तपाईंले एन एस डब्लु Health Pathology द्वारा सञ्चालित नभएको ठाउँ छान्नुभयो भने, यो वेबसाइटले तपाईंलाई तपाईंको परिणामको लागि क्लिनिकलाई कसरी सम्पर्क गर्ने भन्ने बारे जानकारी दिनेछ।
- आफ्नो परिणाम हेर्न, 'View Results' मा क्लिक गर्नुहोस्।
- तपाईंलाई आफ्नो नाम र जन्म मिति DDMMYYYY को रूपमा टाइप गर्न अनुरोध गरिनेछ, उदाहरणका लागि, 01051971 ।
- तपाईंले आफ्नो कोभिड परीक्षण परिणामको प्रति पहुँच गर्न र डाउनलोड गर्न सक्षम हुनुहुनेछ।

**विकल्प ३: SMS प्राप्त गर्नुहोस्**

यदि तपाईं अनलाइन परिणाम पोर्टलमा पहुँच गर्न असमर्थ हुनुहुन्छ भने, तपाईं आफ्नो मोबाइल फोनमा एसएमएस मार्फत आफ्नो परिणाम प्राप्त गर्न सक्नुहुन्छ।

०४८० ०५० ०३० मा 'my result' टेक्स्ट गर्नुहोस्

- जब प्रेरित गरिन्छ, कृपया निम्न जानकारी एस एम एस गर्नुहोस्:
  - तपाईंको थर।
  - तपाईंको जन्म मिति मात्र अंकहरू प्रयोग गरेर – DDMMYYYY । उदाहरण को लागी, 01012000
  - यदि तपाईं बच्चाको लागि दर्ता गर्दै हुनुहुन्छ भने, तपाईं आमाबाबु वा अभिभावक हुनुहुन्छ र तपाईं बच्चाको लागि स्वास्थ्य हेरचाह निर्णयहरू गर्न सक्षम हुनुहुन्छ भनेर पुष्टि गर्न भनिनेछ । निश्चित गर्न "yes" टेक्स्ट गर्नुहोस् ।
  - तपाईंको लिङ्ग पुरुषको लागि M, महिलाको लागि F वा अन्यको लागि O हो।
  - तपाईंको पोष्टकोड, (उदाहरणका लागि 2114)
  - तपाईंले आफ्नो कोभिड-१९ परीक्षण मिति DDMMYYYY को रूपमा राख्नुस्, उदाहरणका लागि, 01052021
- आफ्नो विवरणहरू जाँच गर्नुहोस् र यदि तिनीहरू सही छन् भने "Yes" शब्द टाइप गर्नुहोस्। यदि तपाईंले गल्ती गर्नुभएको छ भने, फेरि सुरु गर्न "No" टाइप गर्नुहोस्।
- तपाईंले सके पछि तपाईंले **'तपाईंको दर्ता प्राप्त भैसकेको छ (*Your registration has been* received)'** भन्ने सन्देश प्राप्त गर्नुहुनेछ।
- तपाईंले एक पासकोड पनि प्राप्त गर्नुहुनेछ जुन तपाईंले आफ्नो परिणाम प्राप्त गर्न टाइप गर्न आवश्यक हुनेछ।
- जब तपाईंको परिणाम तयार हुन्छ तपाईंले एस एम एस सन्देश प्राप्त गर्नुहुनेछ जसले तपाईंलाई 'Ready' शब्द र तपाईंको पासकोड टाइप गर्न भन्नेछ ।
- त्यसपछि परिणाम तपाईंको फोनमा आउनेछ ।

**के तपाईंलाई केहि मद्दत चाहिन्छ?**
यदि तपाईंलाई आफ्नो परिणाम प्राप्त गर्न समस्या भइरहेको छ र ४८ घण्टा भन्दा बढी भइसकेको छ भने, तपाईंले हाम्रो https://www.pathology.health.nsw.gov.au/covid-19-info/covid-19-results-direct
मार्फत हेर्न सक्नुहुन्छ।

**यदि मेरो परीक्षणको परिणामले मलाई कोभिड-१९ भएको देखाउँछ भने के हुन्छ?**
यदि तपाईंको परीक्षणले तपाईंलाई कोभिड-१९ भएको देखाउँछ, र तपाईंले यी विकल्पहरू मध्ये कुनै एक मार्फत आफ्नो परिणाम प्राप्त गर्न दर्ता गर्नुभएको छ भने, तपाईंले स्व:अलगबास (self-isolating) बारे थप जानकारी सहित आफ्नो परिणाम Results Portal मार्फत उपलब्ध छ भनी बताउने एस एम एस प्राप्त गर्नुहुनेछ।

तपाईंलाई तपाईंको स्थानीय जन स्वास्थ्य टोली (Public Health team)का कर्मचारीहरुद्वारा पनि सम्पर्क गरिनेछ।

**व्यक्तिगत जानकारी सङ्कलन सूचना:** NSW Health Pathology ले बिरामीहरूलाई तिनीहरूको कोभिड-१९ परीक्षण परिणामहरू सूचित गर्ने उद्देश्यका लागि जानकारी सङ्कलन गर्दछ। यो जानकारी सामान्यतया NSW Health भित्र प्रयोग गरिनेछ तर परिणामहरू बिरामीलाइ सूचना दिने उद्देश्यका लागि Service NSW लाई पनि खुलासा गरिन्छ। व्यक्तिहरूलाई सरकारी निकायले आफ्नो बारेमा राखेको जानकारीमा पहुँच प्राप्त गर्ने कानूनी अधिकार छ। थप जानकारीको लागि www.pathology.health.nsw.gov.au/about-us/privacy मा जानुहोस्। अनुरोध गरिएको जानकारीको सबै, वा आंशिक जानकारी उपलब्ध नगर्नाले परिणाम स्वरूप NSWHP ले बिरामीहरूलाई परीक्षण परिणामहरू प्रदान गर्न सक्षम नहुन सक्छ।